
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ३२ गते बिहीबार ❑ 15 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बूढीगण्डकी जलविद्युत् आयोजना नेपाल आफैँले बनाउनुपर्छ : अध्यक्ष डा भट्टराई

**पोखरापत्र संवाददाता**
गोरखा, ३१ जेठ

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले द्वन्द्वकालीन मुद्दालाई बल्झाएर अदालतमा पुऱ्याउनु देशलाई पुनः द्वन्द्वमा धकेल्ने षडयन्त्र भएको बताउनु भएको छ।



जिल्लामा सञ्चालित रणनीति पूर्वाधार विकासको अवस्थाबारे जानकारी लिन गोरखा आउनुभएका उहाँले सदरमुकाममा बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा भन्नुभयो, "यो घटना एक प्रकारको पुरानो घाउहरूलाई कोट्याई रहेर देशलाई फेरि द्वन्द्वतिर फर्काउने केही शक्तिको चलखेल हो। त्यसैका लागि यसमा केही पात्रहरूलाई उभ्याइएको छ।"

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले विस्तृत शान्ति सम्झौताले यसलाई सम्बोधन गरिसकेको जनाउँदै बाँकी रहेको काम सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी छानबिन आयोगमार्फत छिटोभन्दा छिटो हल गर्ने विषय रहेको बताउनुभयो। "द्वन्द्वका प्रत्येक कुरालाई कोट्याएर मुद्दा मामिलामा गयौँ भने त्यसको अर्थ फेरि देशलाई द्वन्द्वमा लैजाने भन्ने कुरा हुन्छ", उहाँले भन्नुभयो, "त्यो अत्यन्त गैरजिम्मेवार कुरा हो।" उहाँले सरकारले ल्याएको बजेट बजेट नीति तथा कार्यक्रमले उल्लेख उत्साह भने ल्याउन नसकेको पनि दाबी गर्नुभयो। "धेरै दल मिलेर बनेको सरकार छ, मन्त्रालय पनि फरक फरक दललाई छ", अध्यक्ष डा भट्टराईले भन्नुभयो, "थोरै यताउति हुँदा सरकारबाट कुनै दलले समर्थन फिर्ता लिँदा सरकार ढल्ने अवस्था पनि आउन सक्ने भएकाले सरकारको नेतृत्वले चाहेको जस्तो बजेट आउन नसक्नु स्वाभाविक नै हो।" पूर्वप्रधानमन्त्री डा भट्टराई बूढीगण्डकी जलविद्युत् आयोजना नेपाल आफैँले बनाउनुपर्नेमा जोड दिनु बताउनुभयो।

## सुत्केरी गराउने क्रममा आमा र शिशुको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

व्यास नगरपालिका-१२ कमलबारी निवासी २७ वर्षीय शर्मिला दरै र शिशु दुबैको सुत्केरी गराउने क्रममा मृत्यु भएको छ।

जेठ २८ गते उपचारका लागि पोखरास्थित क्षेत्रीय गण्डकी अस्पतालमा लगिएको र उपचारको सिलसिलामा आमा र शिशुको मृत्यु भएको हो।

चिकित्सकको लापरवाहीका कारण महिला र शिशुले ज्यान गुमाउनुपरेको मृतकका आफन्तजनले बताएका छन्। छानबिनको लागि कास्कीका प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिइएकाले पोष्टमार्टमको रिर्पोट आएपछि छलफल गर्ने सहमति भएको मृतककी हजुरबुबा चीजबहादुर दरैले जानकारी दिनुभयो। बिहीबार पोष्टमार्टमको रिर्पोट आउँछ, त्यसपछि उपचारमा सङ्लग्न चिकित्सक दोषी ठहरिए कानुनी कारबाही अघि बढ्छ। मृतकका आफन्तजनले अझै शब बुझ्न नमानेको उहाँले बताउनुभयो।

घट्ना पश्चात पीडितपक्ष र अस्पतालका चिकित्सकबीच भएको छलफलमा चिकित्सक टोलीले महिला र शिशु दुबैलाई बचाउन हरपल प्रयत्न गरेपनि बचाउन नसकेको बताएको हजुरबुबा चिजबहादुरले जानकारी दिनुभयो। छलफलका क्रममा सुत्केरीको पानीको पोको फुटेपछि रगतसँग घुलेर शरीरका अन्य भागमा पुगेकाले दुबै जनालाई बचाउन नसकिएको चिकित्सकको भनाइ उदृत गर्दै उहाँले उल्लेख गर्नुभयो।

चिकित्सकले उपचार पद्धतिअनुरुप नै उपचार गरेको र गल्ती कही पनि नगरेको भन्दै स्वीकार गरे पनि आमा र शिशु दुबैको मृत्यु भएपछि चिकित्सकको लापरवाही भएको अनुमान गरेका हौ। हजुरबुबा चीजबहादुरले भन्नुभयो, "छानबिनको लागि प्रक्रिया अघि बढाएका छौँ, छानबिन भएपछि पुनःएक पटक बसेर छलफल गर्ने योजना बनाएका छौँ।"

## सरकार मेरा लागि ठूलो कुरा होइन, भ्रष्टाचार निर्मूल गर्छु : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ३१ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर रूपमा प्रस्तुत भएकाले कुनै पनि प्रकारको सम्झौता नगरिने स्पष्ट पार्नुभएको छ।

पूर्वमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का दिवङ्गत नेता धनिराम (डिआर) पौडेलको चौथो स्मृति दिवसका सन्दर्भमा बुधबार पार्टी कार्यालय पेरिसडाँडामा आयोजित स्मृति कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (माओवादी केन्द्र) का अध्यक्ष दाहालले सरकार सुशासन कायम गर्न दृढतापूर्वक अगाडि बढिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपयले आशङ्का गरेको देख्छु, सरकार कतै झुक्छ कि सम्झौता गर्छ कि भन्ने। तर, प्रष्ट रूपमा भन्छु सरकार मेरा लागि ठूलो कुरा होइन। ठूलो कुरा सुशासन हो, जनताको सेवा गर्नु हो।" भ्रष्टाचार निर्मूल पार्न सरकार दृढतापूर्वक अगाडि बढ्ने विश्वास दिलाउँदै उहाँले कहीँ सम्झौता नहुने र नझुकिँदैन प्रतिबद्धता व्यक्त गर्नुभयो।

नयाँ परिस्थितिमा कम्युनिस्ट आन्दोलन अगाडि बढाउन आफूहरू क्रियाशील रहेको जनाउँदै अध्यक्ष दाहालले समाजवादी क्रान्ति सम्पन्न गर्न आफूहरू समाजवादी मोर्चा बनाउने प्रक्रियामा केन्द्रित भएको बताउनुभयो। डिआर पौडेलको आकस्मिक निधनबाट पार्टीलाई अपूरणीय क्षति भएको उल्लेख गर्दै उहाँले आफ्नो जिम्मेवारीलाई पौडेलले निरन्तर पूरा गर्दै आएको स्मरण गर्नुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "उहाँलाई जनताको बीचमा स्थापित गराउन मैले शिक्षामन्त्रीको जिम्मेवारी दिएको थिएँ। उहाँले आफ्नो जिम्मेवारीमा राम्रो पनि गर्नुभयो।" पछिल्लो समय आन्दोलनका उपलब्धिमाथि प्रहार भइरहेको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक भनिएका शक्तिहरू अलोकतान्त्रिक र निकृष्ट व्यवहारमा उत्रिएका बताउनुभयो। "यसका विरूद्ध सङ्घर्ष गर्दै आन्दोलनका उपलब्धिको रक्षा गर्ने जिम्मेवारी हाम्रो काँधमा छ। कम्युनिस्ट मात्रै इमानदार र सक्षम हुन्छन् भन्ने पुष्टि गर्नुछ, तसर्थ सरकारको मोर्चालाई सामाजिक न्याय, सुशासन र समृद्धिको पक्षमा अधिकतम सदुपयोग गर्नुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले हरहालतमा सरकारलाई सफल बनाउनु सबैको दायित्व भएको बताउनुभयो। समृद्धिको यात्रालाई तीव्र पार्नुपर्नेमा जोड दिँदै उहाँले जनआकाङ्क्षा पूरा गर्न वर्तमान सरकार सफल हुनुपर्ने दाबी गर्नुभयो।

"माओवादीको नेतृत्वमा सञ्चालित जनयुद्धको बलमा राजनीतिक परिवर्तन भयो, तर आर्थिक सामाजिक रुपान्तरण हुन सकेको छैन", उहाँले भन्नुभयो, "ऐतिहासिक राजनीतिक परिवर्तनले निर्देश गरेको र जनताले अपेक्षा गरेको सामाजिक आर्थिक रुपान्तरणको अनुभूति भएको छैन, केही उपलब्धि भएका छन् तर जुनस्तरको हुनपर्थ्यो, त्यसो हुनसकेको छैन, यसलाई वर्तमान सरकारले सार्थक बनाउनेछ।"

कार्यक्रममा माओवादीका उपाध्यक्षद्वय पम्फा भुसाल, अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरूङ, उपमहासचिव हरिबोल गजुरेल र गिरिराजमणि पोखरेललगायत नेताले दिवङ्गत नेता पौडेलप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको थियो।

## गण्डकीमा 'प्रदेशको उत्पादनः हाम्रो पहिचान' कार्यक्रम

**पोखरापत्र संवाददाता**
गण्डकी, ३१ जेठ

गण्डकी प्रदेशमा 'प्रदेशको उत्पादन : हाम्रो पहिचान' कार्यक्रम सञ्चालन गरिने भएको छ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपयोगमा प्रोत्साहन गर्न सो कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। उक्त कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सार्वजनिक निकायहरूमा प्रदेशभित्र उत्पादित वस्तु उपयोग गर्ने नीति लिइने सरकारले जनाएको छ। 'आर्थिक विकासको आधार, उद्यमशीलता र रोजगार' नारालाई परिस्कृतरूपमा लागू गर्न स्थानीय तहहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ।

प्रदेशभित्रका हरेक स्थानीय तहमा उद्यमशीलताको माध्यमबाट रोजगारी सिर्जना गर्नका लागि लघुउद्यम कार्यक्रममार्फत लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। लघु घरेलु उद्यमीको उत्पादित वस्तुको बजारीकरणका लागि प्रदेशस्तरमा बिक्रीकक्ष स्थापना गर्ने नीति लिइने सरकारले उल्लेख गरेको छ। सङ्घ सरकारसँगको समन्वय र स्थानीय तहको सहकार्यमा प्रदेश गौरवको आयोजनाका रूपमा रहेका कास्की र तनहुँको पुँडीटार, नवलपुरको लोकाहाखोलामा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्र स्थापना, व्यवस्थापन तथा सञ्चालनका लागि पूर्वाधार निर्माणकार्यलाई प्राथमिकता दिइने भनिएको छ। स्थानीय स्रोत, सीप तथा प्रविधिमा आधारित घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइने नीति तथा कार्यक्रममा उल्लेख छ। आधुनिक प्रविधिको प्रयोग गरी स्थानीयरूपमा उत्पादित मदिराको गुणस्तर वृद्धि गर्दै ब्रान्डिङ गर्न आवश्यक कानुनी व्यवस्था मिलाइने सरकारले जनाएको छ।

## विषयगत शिक्षक समुह गठन र परिचालन सम्वन्धी अभिमुखी कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

विषयगत शिक्षक समुह गठन र परिचालन सम्वन्धी अभिमुखी कार्यक्रम पोखरा सम्पन्न भएको छ।

शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा भएको कार्यक्रमको उद्घाटन गर्दै सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले शिक्षा समाज परिवर्तन र विकासको मेरुदण्ड भएको हुँदा महत्वका साथ हेरेको बताउनुभयो। म विद्यार्थीका लागि, विद्यार्थी मेरा लागि भन्ने नाराले सम्रग शिक्षामा सुधार गर्नुपर्ने विषय समेटेको बताउँदै उहाँले शिक्षा क्षेत्रको विकासका लागि आफुले सक्दो पहल गर्ने बताउनुभयो। मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले आगामी शैक्षिक कार्यक्रमहरु अझै प्रभावकारी बनाएर अगाडी बढ्ने बताउनुभयो। शिक्षा विकास तथा समन्वय इकाई प्रमुख



लोकनाथ आचार्यले कार्यक्रम अत्यन्तै प्रभावकारी भएको बताउनुभयो। शिक्षा निर्देशनालयका उपसचिव मोतिलाल शर्माले स्वागत तथा उदेश्य बारे जानकारी र उपसचिव नारायण पौडेलले कार्यक्रमको संचालन गर्नुभएको थियो। कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट शिक्षा तर्फको शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखाका प्रमुख तोयनाथ लम्साल र स्वास्थ्यको तर्फका सचिव विनोद विन्दुशर्माले प्रस्तुतीकरण गर्नुभएको थियो। त्यसैगरी सुन्दरबजार नगरपालिकाको अभ्यास प्रस्तुति उपसचिव ठाकुर जी तिवारीले गर्नुभएको थियो। विषयगत शिक्षक समुह गठन तथा परिचालन सम्वन्धी मापदण्डको बारेमा शिक्षा निर्देशनालयका उपसचिव नारायण पौडेलले प्रस्तुति गर्नुभएको थियो। कार्यक्रम शिक्षा निर्देशनालय गण्डकी प्रदेशका निर्देशक अम्विका आचार्यको अध्यक्षतामा भएको हो। निर्देशक आचार्यले पहिलो पटक नयाँ कार्यक्रम, नौलो ढंगले गदै गण्डकी प्रदेशलाई शैक्षिक गन्तव्यको थलो बनाउने दाबी गर्नुभयो। यस्तो किसिमको कार्यक्रम गर्ने गण्डकी प्रदेश पहिलो प्रदेश हो।

शिक्षक समुह गठनबाट सम्वन्धित विषयका शिक्षकहरुलाई शिक्षण गर्दा आईपरेका समस्याको समाधान निकाल्न सहयोग पुग्नेछ। पछिल्लो समय गणित, विज्ञान र अग्रेजी पढाउने शिक्षक पनि कम, प्रतिस्पर्धा पनि कम र पढ्ने विद्यार्थी पनि कम भएको हुँदा यसलाई पनि सुधार गर्ने बताउनुभयो। विद्यार्थीलाई केन्द्रीकृत गरेर उहाँले प्रदेशले शैक्षिक महोत्सव र शैक्षिक सामग्री निमार्ण कार्यशाला गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा गण्डकी प्रदेशको स्थानीय तह शिक्षा युवा तथा खेलकुद महाशाखा/ शाखाका प्रमुखको सहभागीता रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बोराभित्र महिलाको शव, हत्यामा संलग्न श्रीमान् पक्राउ

**रासस**
दमौली, ३१ जेठ

तनहुँको व्यास नगरपालिका-४ चिहानडाँडास्थित नालामा बोराभित्र महिला मृत फेला परेको घटनामा प्रहरीले निज महिलाका श्रीमान्‌लाई पक्राउ गरेको छ।

पक्राउपर्नेमा भानु नगरपालिका-५ मैबल हटिया घर भई व्यास-४ मा डेरा गरी बस्ने २१ वर्षीय मनोज विष्ट रहेका छन्। प्रहरीले विष्टलाई मङ्गलबार राति व्यास-३ स्थित तरकारी लाइनबाट पक्राउ गरेको हो । निजलाई प्रहरीले बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ। मृतक व्यास-१२ लामीडाँडा माइती भएकी निजकै श्रीमती रङ्गिला भुजेल रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले जानकारी दिनुभयो। पक्राउ परेका विष्टउपर जिल्ला अदालत तनहुँबाट बुधबार पाँच दिनको म्याद थप गरिएको छ। विष्टले श्रीमतीलाई डेरामै हत्या गरेर बोरामा बोकेर चिहानडाँडा नजिकको नालाको कल्भर्टमा लगेर फालेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। मृतक रङ्गिलाले दुई वटा सिम प्रयोग गर्ने गरेको र सोही कारण श्रीमान् श्रीमतीबीच मनमुटाव हुने गरेको अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक विष्टले बताउनुभयो । उपरीक्षक विष्टले भन्नुभयो, "जेठ २६ गते दिउँसो श्रीमान् श्रीमतीबीच झगडा भएको र निज मनोजले श्रीमतीको हत्या गरी बोरामा शव हालेर आफैँले बोकेर चिहानडाँडा पुगेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उनी शवलाई कल्भर्टमा हालेर डेरा फर्किएका थिए।"

निजहरूबीच सामाजिक सञ्जालमार्फत गत वैशाख १ गते प्रेम विवाह भएको थियो। पक्राउ परेका विष्ट दमौलीमा मार्केटिङ व्यवसायमा आबद्ध रहेको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक विष्टले भन्नुभयो, "शव परीक्षणको रिपोर्ट आएपछि थप केही खुल्नेछ।"

मृतकका बुबा मनबहादुर भुजेलले जेठ ३० गते बिहान छोरी हराएको भनेर कार्यालयमा फोटोसहितको हुलिया निवेदन दिनुभएको थियो। उक्त निवेदनमा भुजेलले छोरी गत जेठ २४ गतेदेखि सम्पर्कविहीन भएको उल्लेख गर्नुभएको थियो।

निज मनबहादुर भुजेलले पेस गरेको हुलिया मृतकको शवसँग मिल्दोजुल्दो देखिएकाले निजलाई बोलाएर मृतकको सनाखत गरिएको प्रहरी उपरीक्षक विष्टले बताउनुभयो । हातमा लगाएको चुरा, कानमा लगाएको रिङ र हातखुट्टाका आधारमा मृतकका बुबाले सनाखत गरेको प्रहरी उपरीक्षक विष्टको भनाइ थियो।


विद्यार्थीले तयार पारेको हाइडोलिक व्रिज प्रदर्शनः
पोखरा-९ नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा बुधबार हिमालय साइन्स फाउण्डेशन र विज्ञान शिक्षक समाजद्धारा आयोजित दुई दिने गण्डकी प्रदेशस्तरीय विज्ञान-प्रविधि महोत्सवमा पोखराको भद्रकाली माविका विद्यार्थीले तयार पारेको हाइडोलिक व्रिज प्रदर्शन गरिँदै । तस्बिर - ऋषिराम बराल / रासस

# पत्रकारको स्वास्थ्य बीमा प्रदेश सरकारले गरिदिन्छ- मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशभित्र कार्यक्षेत्र भएका सबै पत्रकारको स्वास्थ्य बीमा प्रदेश सरकारले गरिदिने बताउनुभएको छ।

पत्रकारको हकहितका विषयमा प्रेस सेन्टर नेपाल, गण्डकी प्रदेश समितिबाट बुधबार ध्यानाकर्षणपत्र बुझ्दै उहाँले आगामी आवको बजेटमा उक्त कार्यक्रम समावेश हुने उल्लेख गर्नुभयो । "हाम्रो क्षमताले भ्याएसम्म पत्रकारिता क्षेत्रको विकासमा हातेमालो गर्न प्रदेश सरकार तयार छ, पत्रकारको स्वास्थ्य बीमाको कार्यक्रम नीतिमा आइसकेको छ, बजेटमा पनि आउँछ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "वास्तविक पत्रकारको हातमा बीमाको सुविधा जाओस् भन्ने हाम्रो चाहना छ, यसमा तपाईंहरूको सहयोग चाहिन्छ ।" लोककल्याणकारी विज्ञापन, पत्रकारको लेखनवृत्ति, क्षमता विकासलगायतका क्षेत्रमा पनि सरकारले सहयोग गर्ने उहाँले बताउनुभयो। मुख्यमन्त्री पाण्डेले पत्रकारिता स्वच्छ, स्वतन्त्र र मर्यादित हुनुपर्ने धारणा राख्नुभयो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षामा प्रदेश सरकार दृढ रहेको उहाँको भनाइ थियो। प्रेस सेन्टरले पत्रकारितासँगै देशको समसामयिक अवस्थाबारे बुधबार प्रधानमन्त्रीसहित, सातै प्रदेशका मुख्यमन्त्री र प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षणपत्र बुझाएको हो। ध्यानाकर्षणपत्रमा श्रमजीवी पत्रकार र सञ्चार क्षेत्रले भोगिरहेका समस्याको समाधान गर्न माग गरिएको छ। सरकारले ल्याएको समानुपातिक विज्ञापन नीतिलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्ने, संविधानले सुरक्षित गरेका जनपक्षीय उपलब्धिलाई संस्थागत गर्नुपर्ने, आमसञ्चारसँग सम्बन्धित कानून प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री हुनुपर्ने, पत्रकारलाई सामाजिक सुरक्षा कार्यक्रममा समेट्नुपर्नेलगायतका माग गरिएको छ।

# पुरुष बास्केटबल : नेपाल भूटानसँग पराजित

**रासस**
काठमाडौं, ३१ जेठ

माल्दिभ्समा आजदेखि सुरुभएको फाइभ नेसन्स पुरुष बास्केटबल प्रतियोगितामा नेपाल भूटानसँग पराजित भएको छ।

माल्दिभ्सको मालेमा बुधबार भएको पहिलो खेलमा भूटानले नेपाललाई ६१-५५ ले पराजित गर्दै विजयी भएको हो । नेपालले बास्केटबलमा सन् २०१९ मा काठमाडौंमा भएको १३औँ दक्षिण एशियाली खेलकुद प्रतियोगितापछि पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको हो ।नेपालमाथि भूटानले पहिलो क्वार्टरमा २१-१३ को अग्रता बनाएको थियो । सुरुमै ८ अङ्कले पछि परेको नेपालले त्यसपछिको दोस्रो क्वार्टरमामा पुनरागमन गर्ने प्रयास गर्‍यो। नेपालले दोस्रो क्वाटर १६-१५ र तेस्रो क्वार्टरमा १३-१२ को अग्रता बनाउएको थियो। तर चौथो तथा निर्णायक क्वार्टरमा नेपाल र भूटानले समान १३ अङ्क जोडेपछि नेपाल ६१-५५ ले पराजित भयो। नेपालले आफ्नो दोस्रो खेल बिहीबार पाकिस्तानसँग खेल्नेछ । यस्तै नेपालले लिगको आफ्नो अन्तिम खेल आउँदो आइतबार घरेलु टोली माल्दिभ्ससँग खेल्नेछ । प्रतियोगितामा नेपालसहित दक्षिण एसियाका पाँच राष्ट्रको सहभागिता रहेको छ । यसमा आयोजक माल्दिभ्ससहित नेपाल, बङ्गलादेश, भूटान र पाकिस्तान छन्।

# हाइकिङ मार्फत पर्यटन प्रवर्द्धन गर्दै हाइकर्स क्लब नेपाल

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ



स्वास्थ्य र पर्यटनको लागि हाइकिङ मुल नाराका साथ विगत ३ वर्षदेखि संचालन भइरहेको हाइकिङ गत शनिबार तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपालिका वडा नं. २ स्थित दगाम सामुदायिक होम स्टेमा सम्पन्न भएको छ।

हाइकिङको ३५ औं श्रृङ्खला अन्तरगत दगाम पुगेका ३८ जनाको समुहलाई होमस्टे संचालकहरुले अविर, फुलको गुच्छाले स्वागत गर्दै हाइकिङमा सहभागिलाई कलाकारहरुले मगरजातीको मौलिक कौरा नृत्य प्रदर्शन गरेका थिए । कोत्रेबाट पैदल यात्रा गर्दै ज्वालादेवी सामुदायिक बन, मकनपुर गाउँ, भुजिकोट हुदै उक्त टोली दगाम पुगेको थियो । नेपालका ग्रामिण क्षेत्रमा पर्यटकको आकर्षण वढाउन खोलिएका होमस्टेहरुको स्थानिय परिकार चाख्न इच्छुक जो कोहि आफ्नो खर्चमा हाइकिङमा सहभागी हने हाइकिङका संयोजक कृष्ण रानाभाटले वताए।

मौरी पालन गरी दगाम गाउँले आफ्नो छुट्टै पहिचान गराउन सफल भएको अगुवा समाजसेवी नन्द बहादुर थापाले वताए । सहभागीहरु मध्ये केहिले लिटरको १५ सयमा मह पनि किनेर ल्याएका थिए। सो अवसरमा नेपाल पर्यटन वोर्ड पोखरा कार्यालयले होमस्टेको लागि पठाएका मुक्तीनाथ मन्दिर र सगरमाथाको तस्विर क्लबका संयोजक कृष्ण रानाभाटले होमस्टे व्यवस्थापन समितिकी अध्यक्ष तिला थापा मगरलाई हस्तान्तरण गरेका थिए । हरेक महिनाको अन्तिम शनिबार हुने हाइकिङ कार्यक्रम दिनप्रतिदिन लोकप्रिय हुर्दै गएपछि विधिवत संस्था दर्ता गर्न धेरै जनाले सुझाव दिएका छन् भने क्लबका पदाधिकारीहरुले नेपाल पर्यटन वोर्डको पोखरा कार्यालयमा गई सहयोगको लागि आग्रह गर्दा पनि संस्था दर्ता गरी आएमा सहयोग गर्न सकिने प्रतिक्रिया दिएका थिए।

# घोडा किन्नका लागि अनुदान दिँदै मादी गाउँपालिका

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

कास्कीको मादी गाउँपालिकाले पयर्टन प्रवर्धनका लागि घोडा खरिद गर्न अनुदान दिने भएको छ।

हिमाली भेगमा घुम्न जाने पर्यटकको सहजताका लागि घोडा खरिदमा अनुदान दिन लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । "अहिले दररेट माग गर्ने काम भइरहेको छ । हुम्ला, जुम्ला, मनाङ र मुस्ताङका व्यावसायीले दररेट हाल्नुहोला, त्यसपछि लागत साझेदारीका आधारमा पर्यटन व्यवसायीले आधा मूल्य तीर्नेगरी घोडा खरिद गर्न दिने हो", उहाँले भन्नुभयो । यस गाउँपालिकाको विशेषगरी वडा-१ र २ को हिमाली भेगमा पयर्टक पुगेपनि अहिलेसम्म मोटर बाटो नपुगेकाले घुम्नका लागि घोडा उपयुक्त रहेको मादी-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो । "यहाँको सिक्लेस, ताङ्तिङ, क्हपुचे ताल, कोरी, ऋपुडाँडा पुग्ने पर्यटकलाई हिड्न समस्या हुन्छ।

हाम्रो वडामा गाडी पुग्न बाँकी धेरै पर्यटकीय क्षेत्र छन्", उहाँले भन्नुभयो, "बाटोको अभाबमा हिड्न नसक्ने पर्यटकले दुःख पाइरहेका छन् । उनीहरूका लागि घोडा खरिद गर्न सकियो भने राम्रो हुन्छ।" घोडा खरिद गर्न इच्छुक वडाभित्रका पर्यटन व्यवसायीलाई वडा कार्यालयमा सम्पर्क गर्न सूचना गरिएको छ।


## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपायः**

◆ बिजुली चम्केको बेला सतर्क रहने,
◆ विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
◆ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
◆ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
◆ खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
◆ सकभर अग्लो स्थानमा नबस्ने,
◆ धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

## सम्पादकीय

# चोर बाटो नहीँड

नेकपा माओवादी केन्द्र र जसपाले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको कोशी प्रदेश सरकारले अध्यादेशबाट बजेट ल्याउन प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरेको छ । बुधबार प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको सिफारिसको आधारमा प्रदेश प्रमुख पर्शुराम खापुङले प्रदेशसभाको अधिवेशन बुधबार राति १२ बजेदेखि लागू हुनेगरी अन्त्य गरेका छन ।

प्बजेट अधिवेशन भन्ने गरिएको वर्खे अधिवेशन अन्त्य गरिनु अलोकतान्त्रिक काम हो । संविधान र कानुन अनुसार असार १ गतेसम्ममा प्रदेशसभामा सरकारले बजेट पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । तर, सरकारले प्रदेशसभाको अधिवेशन नै अन्त्य गरेर प्रदेशसभालाई बाइपास गर्दै बजेट ल्याउने तयारी विनास काले विपरीत बुद्धि भने जस्तै हो । प्रदेशसभामा बुधबार नै प्रदेश प्रमुखले सरकारको नीति तथा कार्यक्रम पेश गरेका थिए । त्यसमाथि छलफलसमेत नगराई सरकारले प्रदेशसभाको अधिवेशन नै अन्त्य गर्नु अराजनीतिक हो । सदनमा बहुमत गुमाएको सरकारले विश्वासको मत नलिई भाग्न मिल्दैन । बजेट अध्यादेशबाट ल्याउन सकिन्छ त्यसको कार्यान्वयन गर्न सकिदैन भने अध्यादेशबाट ल्याउनुको अर्थ देखिदैन सरकारले आजै प्रस्तुत गरेको नीति तथा कार्यक्रम पास नहुने  दिएको खण्डमा अर्को सरकार गठन भएर संवैधानिक व्यवस्था अनुसार असार १ गते बजेट ल्याउन सम्भव हुँदैन ।

विपक्षी सांसदले आजै विश्वासको मत लिएर मात्रै वर्तमान सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्नेमा जोड ररर, भण्डारीले अध्यादेशबाट बजेट ल्याउँदा असंवैधानिक नहुने भन्दै संवैधानिक बाटोबाटै बजेट आउने बताए । आजकै प्रदेशसभामा सम्बोधन गर्दै विपक्षी दल काँग्रेसका सांसद केदार कार्कीले भने सरकारले आफू अल्पमतमा रहेको बेला प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेर संसद र पभने, 'बजेट अधिवेशनलाई अन्त्य गर्ने अरे । बजेट नल्याई बजेट अधिवेशन कसरी अन्त्य हुन्छ ?,' विश्वासको मत लिन अझै समय भएको उनको भनाई थियो ।

'भोलि विश्वासको मत लिएर पर्सि बजेट ल्याउने समय छ । दिउँसो मात्रै नभएर राती पनि जनताको विषयमा छलफल गरौंला, बहस गरौंला, बजेट ल्याउन पनि असार १ गते राती १२ बजेसम्मको समय छ । मुख्यमन्त्रीलाई म भन्छु हिम्मत गर्नुहोस् । हिम्मत नै छैन भने छोडिदिनुहोस् ।' कार्कीले अगाडि भने । उनले सभामुखबाट विश्वासको मत लिन सरकारलाई रुलिङ गर्नुपर्ने जिकिर पनि गरे । त्यस्तै, नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता राजेन्द्र राईले मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बजेटअघि विश्वासको मत लिनुपर्नेमा जोड दिए । 'प्रदेशसभामै बजेट ल्याउनु पर्छ, यो बाटो (अध्यादेश) को बाटोमा नजानु,' उनले आग्रह गरे ।

माओवादी केन्द्रका सांसद गणेश उप्रेतीले पनि पहिले विश्वासको मत लिएर मात्रै अरु विषयमा छलफल गर्नुपर्नेमा जोड दिए । 'पहिले विश्वासको मत लिनुपर्थ्यो । त्यसपछि नियमित प्रक्रियामा जान सजिलो हुन्थ्यो,' उनले भने, ' कोशी प्रदेशले संवैधानिक प्रक्रियाभन्दा बाहिरबाट अभ्यास गरिरहेको छ भन्ने सन्देश देशैभरी गयो भने संघीयता विरोधीको मनोबल बढ्छ ।' राप्रपाका सांसद अम्बर बहादुर विष्टले भने सरकारले ल्याएको नीति तथा कार्यक्रमको बचाउ गरे । आजको प्रदेशसभा नीति तथा कार्यक्रम प्रदेशसभामा प्रदेश प्रमुख पर्शुराम खापुङलाई धन्यवाद दिने प्रस्ताव पास गरेर औपचारिकता निर्वाह गरेको छाबहुमत गुम्न थालेपछि चोर बाटो हिड्नु आफैं फस्नु हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अझै पनि टुकीकै भरमा उज्यालो

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ जेठ

विद्युत् तथा नवीकरणीय ऊर्जाको पहुँच नपुगेका बागलुङका दुगर्म स्थानका केही घरमा उज्यालोका लागि टुकीकै भर छ ।

सरकारले आयातीत इन्धनको परिमाणलाई उल्लेख्य रूपमा घटाउने गरी प्रतिव्यक्ति विद्युत् खपत वृद्धि गर्ने लक्ष्य लिए पनि जिल्लाका कतिपय घरमा अझै उज्यालोका लागि टुकीको नै भर पर्नुपर्ने बाध्यता रहेको तथ्याङ्क सार्वजनिक भएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार बागलुङमा दुई सय १४ परिवार उज्यालोका लागि टुकीकै भर परेको तथ्याङ्क कार्यालयले जनाएको छ । जिल्लाको दुर्गम स्थानमा अझै केन्द्रीय विद्युत् मात्रै होइन स्थानीय विद्युत्समेत पुग्न नसक्दा उज्यालोको सहारा टुकी रहेको पाइएको छ । हालै सार्वजनिक गरिएको जिल्लाको तथ्याङ्कअनुसार उज्यालोका लागि टुकीको प्रयोग गर्ने सो सङ्ख्याका परिवार रहेको तथ्याङ्क कार्यालयका प्रमुख चन्द्रकान्त पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार जिल्लामा धमाधम विद्युतीकरण भए पनि अझै उज्यालोका लागि टुकीकै भर पर्ने परिवारसमेत रहेको पाइएको छ । जनगणनाका क्रममा उज्यालोका लागि प्रयोग गर्ने इन्धनमा नखुलेका चार सय २३ परिवारले समेत गुइँठासहित अन्य घरेलु इन्धनको प्रयोग गर्ने गरेको पाइएको छ । उहाँका अनुसार जिल्लामा चार सय २३ परिवार बिजुली, सोलार, बायोग्यास र मट्टितेलको पहुँचभन्दा समेत टाढा छन् । उहाँले भन्नुभयो, "उनीहरूले कुनै इन्धन नै प्रयोग नगरेको गणकहरूलाई बताएका छन्, उनीहरू स्थानीय इन्धनको प्रयोग गर्ने र अन्धकारमा बस्ने हुन सक्छन् ।" अहिलेको जनगणनाअनुसार जिल्लाभर ६४ हजार ९६ परिवारको बासोबास छ । त्यसमध्ये ६२ हजार दुई सय २८ परिवारमा बिजुलीको पहुँच छ भने एक हजार दुई सय २० परिवारले सौर्य ऊर्जाको प्रयोग गर्दै आएका छन् । जिल्लाभर जम्मा ११ परिवार बायोग्यासको सहारामा उज्यालो उपभोग गरिरहेको तथ्याङ्क रहेको छ । जिल्लाको दुर्गम क्षेत्रमा अहिले पनि विद्युत्को सर्वसुलभ पहुँच छैन् । स्थानीय खोलाको विद्युत्ले जिल्लाको पश्चिम भेग उज्यालो भए पनि विकट गाउँका टोलमा विद्युत्को पहुँच पुग्न नसकेको नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख दिलीप मरासिनीले बताउनुभयो ।

उहाँका अनुसार जिल्लाको तमानखोला र निसीखोला गाउँपालिकामा विद्युतीकरण विस्तार गर्न थालिएको छ । उहाँले स्थानीय विद्युत्को समेत पहुँच नपुगेको गलकोटको रमुवा, निसीखोलाको निशेलढोर, बडिगाडको सिसाखानी तथा तमानखोलाको नर्जा र खुङ्खानीका केही पातलो बस्ती रहेको बताउनुभयो । विद्युत् प्राधिकरणले जिल्लाका सबै स्थानमा विद्युत् पुऱ्याउनका लागि काम गरिरहेको र जिल्लाका १० पालिकामध्ये निसीखोला र तमानखोलामा बल्ल केन्द्रीय प्रशासरण लाइन विस्तारको काम थालिएको मरासिनीको भनाइ छ । यस्तै, ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिकाका केही वडामा केन्द्रीय विद्युत् पुग्न सकेको छैन । स्थानीय खोलाबाट उत्पादन गरिएका लघु जलविद्युत् आयोजनाबाट ती पालिकामा विद्युतीकरण गरिएको भए पनि छरिएको बस्तीमा विद्युत् पुग्न नसकेको प्राधिकरणले जनाएको छ । सरकारले आगामी दुई वर्षभित्र शत्प्रतिशत जनसङ्ख्या विद्युत्को पहुँचमा पुऱ्याउने गरी राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरीमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायु जस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गरिने आगामी वर्षको बजेट तथा नीति कार्यक्रममा समेटिएको छ ।

# खडेरीपछिको वर्षाले किसानलाई राहत

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ जेठ

धान र कोदो रोप्ने समयमा लामो खडेरी परेपछि निराश बनेका किसान दुई दिन यताको वर्षाले खुसी छन् । बागलुङमा शुक्रबारदेखि सामान्यदेखि मध्यम खालको वर्षा भइरहेको छ ।

वर्षासँगै किसानले बेसी खेतमा रोपाइँ थालेका छन् भने बारीमा कोदो रोप्न सुरु भएको छ । बागलुङका उच्च पहाडी क्षेत्रमा ढिलो कोदो रोपाइँ हुने गरेको भए पनि समथर बेँसी क्षेत्रमा जेठको दोस्रो सातादेखि कोदो रोपाइँ सुरु हुने गरेको छ । "यही जेठको १५ देखि कोदो र असारको १५ देखि धान रोप्न सुरु गर्ने परम्परा जस्तै थियो तर पछिल्ला केही वर्ष खडेरीका कारण तलमाथि हुन्छ", जैमिनी नगरपालिका-१ कुश्मिशेराका किसान गुरुप्रसाद शर्माले भन्नुभयो, "यस वर्ष खडेरीले सुक्न थालेको कोदोको बीउले वर्षापछि सास फेरेको छ, अब रोपाइँ हुन्छ ।"

खडेरीले बागलुङमा उत्पादनको हिसाबले पहिलो खाद्यान्न बाली मकैमा क्षति पुगेको छ । यहाँ २० हजार सात सय हेक्टर जमिनमा मकै लगाउने गरिएको छ । शुक्रबारदेखि वर्षा भए पनि जिल्लाभर वर्षा भएको छैन । छिटफुट ठाउँमा अझै वर्षा नभएकाले मकैबाली सुक्न थालेको कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो । "खण्डवृष्टि भएको छ, पानी परेको क्षेत्रमा किसान खुसी छन्, केही ठाउँमा अझै पानी नपरेकाले बाली सुक्न थालेको छ", भट्टराईले भन्नुभयो, "अन्य जिल्लामा जस्तो प्रभाव नपरेको भए पनि उत्पादनमा भने खडेरीले कमी ल्याउने निश्चित छ ।" जिल्लामा सबैभन्दा धेरै खडेरीको प्रभाव अलैँची खेतीमा परेको छ ।

किसानले पाखो बारीमा लगाएको अलैँची खडेरीका कारण सुक्ने, डडुवा रोग लाग्ने लगायतका समस्या देखिएको उहाँले बताउनुभयो । एक सय हेक्टर जमिनको अलैँची खडेरीले कामै नलाग्ने भएको छ । खडेरीका कारण सुक्न थालेका खाद्यान्न बालीमा वर्षा भएपछि राहत मिलेको छ । घोगा लागेका मकै तथा मुखैमा धानचामल निकालेको मकैबाली लामो समयको खडेरीका कारण सुक्न थालेका थिए भने धानको ब्याड तथा कोदोको बीउसमेत सुक्न थालेको थियो । खडेरीका कारण ओइलिएका खाद्यान्न तथा मकैबाली वर्षापछि हरियो देखिएका छन् । खडेरी पछिको वर्षाले यात्रामा समेत राहत मिलेको छ ।

# पानीको अभाव झेल्दै तीन सय घरधुरी

**रासस**
तनहुँ, ३१ जेठ

तनहुँको भानु नगरपालिकाको करिब एक वडामा नै पानीको अभावमा रहेको छ । पानीको मुहान सुकेपछि यस क्षेत्रमा खानेपानीको अभाव भएको हो ।

भानु नगरपालिका-२ फुम्रेटारका तीन सय घरधुरी पानीको अभावमा रहेका छन् । पानीको मुहान पत्ता लागे पनि उपभोक्ताका लागि वितरण गर्न नसक्दा उनीहरूले पानीको अभाव भोग्नुपरेको छ । उक्त क्षेत्रमा तीन सय घरधुरीका करिब एक हजार तीन बढी व्यक्ति प्रभावित भएका छन् ।

पानीको मुहानबाट आएको पानी सञ्चितिका लागि रिजर्भ ट्याङ्की नहुँदा यहाँका उपभोक्तालाई समस्या भएको अम्बोटे कालीमाटी बोरिङ खानेपानी उपभोक्ता समितिका अध्यक्ष शिवराज त्रिपाठीले जानकारी दिनुभयो । रिजर्भ ट्याङ्कीको अभावले आवश्यक पानी सङ्कलन गरी वितरण गर्न नसक्दा यहाँ पानीको हाहाकार भएको उहाँले बताउनुभयो । "बोरिङ गरिएको पानी फ्लो भइसकेको छ, रिजर्भ ट्याङ्की नहुँदा समस्या भएको छ, एउटा ३० लिटर खपत हुने ट्याङ्कीमा जम्मा गरिएको पानीले उपभोक्तालाई वितरण गरे पनि पुग्दैन", उहाँले भन्नुभयो, "अहिले एक घण्टामा ३० हजार लिटर पानी सङ्कलन हुन्छ, सङ्कलन गरिने ट्याङ्की चुहिने हुँदा चुहिएर बाँकी रहेको पाँच हजार लिटर पानी उपभोक्तालाई वितरण गरिन्छ ।" उक्त बोरिङ गरिएको पानी सञ्चित गर्न नसक्दा यहाँका बासिन्दाले पानी उपभोग गर्न पाएका छैनन् । सानो तथा चुहिने ट्याङ्कीसम्म बोरिङ पानी पुऱ्याउन नगरपालिकाले दुई मिटर पाइप दिएको उहाँले बताउनुभयो । सोही पाइपको माध्यमबाट सञ्चित पानी अहिले आधा घण्टासम्म वितरण गरिँदै आएकामा उपभोक्ताले पर्याप्त पानी उपभोग गर्न नपाएको उहाँको गुनासो छ । "हामीलाई ९० हजार लिटर पानी अट्ने रिजर्भ ट्याङ्की र खानेपानी वितरणका लागि एक हजार मिटर पाइप आवश्यक परेको छ, सङ्घ सरकारसमक्ष माग गरेकामा परेन, प्रदेश सरकारसमक्ष पनि माग राखेका छौँ र आशामा बसेका छौँ, यी सामग्री पाएमा पानी वितरण गरेर खानेपानी समस्या हटाउने प्रयत्नमा रहेका छौँ", अध्यक्ष त्रिपाठीले भन्नुभयो ।

अनुगमन समिति संयोजक भक्तबहादुर कुँवरले पानी निस्किएको र खानेपानी घर-घरमा पुऱ्याउने लक्ष्य लिइएको बताउनुभयो । "एक घर, एक धारा अभियान जारी रहेको छ, सम्बन्धित निकायसँग समन्वय गरिरहेका छौँ, यहाँको खानेपानी समस्या समाधान गर्ने पक्षमा रहेका छौँ", उहाँले भन्नुभयो । प्रदेशकै दोस्रो उत्कृष्ट पानी यहाँ निस्किएको प्राविधिकले जनाएका छन् । एक सय ६० मिटर गहिराइबाट एक सय २० मिटर गहिराइमा मोटर राखेर पानी तानिएको छ । उक्त पानी वितरणका लागि रिजर्भ ट्याङ्की राख्न सकिएमा अन्य बस्तीमा समेत पानी पुऱ्याउन सकिने र यहाँ पानीको अभाव भएको खण्डमा बोरिङको पानीले खेतीपाती गर्न सकिनेछ । यस क्षेत्रका एक हजार तीन सय व्यक्ति लाभान्वित हुनेछन् । जनश्रमदानसहित नगरपालिकाको रु २३ लाख ३४ हजार सात सय २४ लागतमा उक्त आयोजना निर्माण सम्पन्न भएको छ । विसं २०७९ फागुन २५ गतेदेखि बोरिङ खानेपानी आयोजना सुरु भएको र विसं २०८० वैशाख ३० मा सम्पन्न गर्ने सम्झौता भएको थियो । उक्त आयोजना एक महिना अगावै सम्पन्न गरी पानी वितरणका लागि अन्य स्रोतसाधन जुटाउन लागिपरेको छ । स्थानीय लक्ष्मी त्रिपाठीले खानेपानीको समस्याले समयमा काम पूरा गर्नै सकस भएको बताउनुभयो । "खानेपानी नहुँदा मुलको पानी खोज्न जानुपर्ने हुन्छ, पानीको जोहोमै समय बित्छ, खाना बनाउने, यसले गर्दा यहाँका स्थानीय महिलालाई छोराछोरीलाई विद्यालय समयमा पुऱ्याउनै ढिला हुने गरेको छ", उहाँले भन्नुभयो । खानेपानीको समस्याले गृहिणीलाई अझ समस्या थपिदिएको छ । पानीको जोहोसँगै अहिले यहाँका महिलालाई घरको सरसफाइ, बालबालिकालाई विद्यालय पुऱ्याउनमा सास्ती भोग्नुपरेको छ । अम्बोटे कालीमाटी बोरिङ खानेपानी उपभोक्ता समितिलाई वितरण भएमा यहाँका महिलालाई सहज हुनेछ ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १६ श्रवण कुमार श्रेष्ठ नागरिक बहुउद्देश्यीय भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः श्रवण कुमार श्रेष्ठ नागरिक बहुउद्देश्यीय भवन निर्माण
स्थानः पोखरा–१६ बाटुलेचौर, वडहरवोट, कास्की
योजना सम्झौता मिति : २०८०/०१/०८ गते
योजना सुरु भएको मिति : २०८०/०१/०९ गते
योजना सम्पन्न हुने मितिः २०८०/०२/३२ गते
योजनाको कुल लागत : रु. २५,००७४३.३२ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२५,००,००० ।–
उपभोक्ता समिति अध्यक्षः जगन्नाथ तिम्सिना
मो. ९८५६०३७०९३
उपाध्यक्षः कमल तिमिल्सिना, सचिवः कमला तिमिल्सिना कोषाध्यक्षः चित्र बहादुर थापा, सदस्यहरुः लक्ष्मी तिमिल्सिना, सोवित थापा, भैरव पोखरेल  अनुगमन समितिः नरहरी भट्टराई सदस्यः जीवन प्रसाद देवकोटा, सरीता पराजुली

**श्रवण कुमार श्रेष्ठ नागरिक बहुउद्धेश्यीय भवन निर्माण उपभोक्ता समिति पोखरा-१६ बाटुलेचौर, वडहरवोट, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १३ अधेरी डहरबाट मोहरपानी परियार बस्ती जाने बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः अधेरी डहरबाट मोहरपानी परियार वस्ती जाने बाटो निर्माण
स्थानः पोखरा–१३, कास्की
योजना सुरु भएको मिति : २०८०/०१/२० गते
योजना सम्पन्न मितिः २०८०/०२/२५ गते
योजनाको कुल लागत : रु. ११,११,१११.११ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,००० ।–
जन सहभागितावाटः १,११,१११.११ ।–
उपभोक्ता समिति अध्यक्षः श्रीराम सिग्देल

**अधेरी डहरबाट मोहरपानी परियार वस्ती जाने बाटो निर्माण पोखरा-१३, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १६ श्रवण कुमार दिवा सेवा केन्द्र निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः श्रवण कुमार दिवा सेवा केन्द्र
स्थानः पोखरा–१६ बाटुलेचौर, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२१ गते
योजना सुरु भएको मिति : २०८०/०२/२२ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१० गते
योजनाको कुल लागत : रु. ५,००,०५१.७५ ।–
वडा कार्यालय पोखरा–१६ बाट प्राप्त हुने रकम : रु. ५,००,००० ।–
उपभोक्ता समिति अध्यक्षः नारायण बहादुर थापा
मो. ९८५६०२१२७५
सचिवः कमल शर्मा, कोषाध्यक्षः सरु तिमिल्सिना, सदस्यहरुः कमला तिमिल्सिना, जनन्नाथ तिमिल्सिना, सोवित थापा, चित्र बहादुर थापा
अनुगमन समिति संयोजकः नरहरी भट्टराई
सदस्यः जीवन प्रसाद देवकोटा, सरीता पराजुली

**श्रवण कुमार दिवा सेवा केन्द्र उपभोक्ता समिति पोखरा-१६ बाटुलेचौर, कास्की**

# युनिटी टोलमा बोल्ने कला तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ जेठ

पोखरा महानगरपालिका वडा नम्बर १४ मझेरिपाटन स्थित युनिटी टोल विकास संस्थाले १० दिने उद्घोषण तथा भाषणकला तालिम सम्पन्न गरेको छ ।

१० दिन सम्म सञ्चालन भएको तालिममा १८ जना प्रशिक्षार्थीले बोल्ने कलाका विषयमा तालिम लिएका थिए । तालिममा बोल्ने कलाका विषयमा रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर सञ्जय कुमार मल्ल, मानवअधिकारका विषयमा इन्सेक गण्डकीका संयोजक शिब खकुरेल, मनोविद विजय राईले प्रशिक्षण प्रदान गरेका थिए । समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका वडा नम्बर १४ का अध्यक्ष बोध बहादुर कार्कीले वडा नम्बर १४ भरिमै युनिटी टोलको छवि पृथक भएको बताउनुभयो । उहाँले आफ्नो कार्यकालको १ बर्ष सकिएको तथा अब ४ बर्ष अझै जुझारु ढंगले वडाको विकासमा समर्पित हुने दावी गर्नुभयो । युनिटी टोल विकास संस्थाका अध्यक्ष तेजिन्द्र बहादुर कंडेलले तालिममा सिकेका विषयलाई व्यवहारिक ज्ञानको विषय बनाए मात्रै तालिमको औचित्य हुने



बताउनुभयो । उहाँले यस्ता सृजनात्मक तालिमहरुले मानिसमा अब्यक्त प्रतिभा प्रस्फुटन हुने साथै बोल्नेकलाले नै नेतृत्वकलाको विकास हुने बताउनुभयो । तालिमका प्रशिक्षक सञ्चारकर्मी एवम रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर सन्जय कुमार मल्लले तालिमका लागि तालिम भन्दा पनि आवश्यकताले लिइएको तालिमले सार्थकता पाउने बताउनुभयो ।

उक्त अवसरमा टोलका तर्फबाट पोखरा महानगरपालिका स्तरिय हाजिरी जवाफ प्रतियोगितामा सान्तन्वा स्थान हासिल गर्ने सुमित्रा लम्साल, कविता अधिकारी र लक्ष्मी अधिकारी तथा प्रथम वडाअध्यक्ष कप ब्याडमिन्टन प्रतियोगितामा द्धितिय स्थान हासिल गर्ने टोलका चोकबहादुर थापा र थमनसिंह थापालाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष तेजिन्द्र बहादुर कंडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सुमित्रा लम्सालले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन कविता अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा युनिटी टोल विकास संस्थाबाट तालिममा सहभागीहरुले तालिममा सिकेका अनुभवका बारेमा बोलका थिए । तालिममा लक्ष्मी लामिछाने अधिकारी, रामबहादुर कार्की, शुशिला गुरुङ, कविता अधिकारी, सुवेदार मेजर चन्द्रबहादुर क्षेत्री, गीता अधिकारी, जेजुनाथ लम्साल, छलिमाया कँडेल, प्रविण गुरुङ्ग, अनिता थापा, सुमित्रा लम्साल, शारदा केसी, गौतम क्षत्री, तारा गुरुङ, रिता गुरुङ, स्मृति गुरुङ, अनुषा कार्की सहभागी थिए ।

# मौलिकता गुमाउँदै घान्द्रुक

**-रामबहादुर थापा**
गण्डकी, ३१ जेठ (रासस)

विसं २०२६/२०२७ तिरको कुरा हो, घान्द्रुकका शङ्करमान गुरुङ त्यही गाउँको विद्यालयमा पढाउने गर्नुहुन्थ्यो । गाउँको तल विद्यालय थियो । उहाँ विद्यालय आउजाउ गर्दा बाटोमा फाट्टफुट्ट विदेशी भेटिन्थे । उनीहरू को हुन्, किन आएका हुन् ? कसैलाई पत्तो थिएन । पहिलोपालि आएका पर्यटक घान्द्रुकका लागि नौला थिए ।

उतिबेला घरगाउँमा कोही नचिनेको मान्छे आयो भने 'जासुसी गर्न' आएको भनेर शङ्काको दृष्टिले हेरिन्थ्यो । विदेशी आउने क्रम बढेपछि शिक्षक गुरुङले सोधखोज गर्न थाल्नुभयो । अनि थाहा भयो, उनीहरू त घुमफिरका लागि आएका पर्यटक पो रहेछन् । त्योबेला घान्द्रुकमा होटल, रेष्टुराँको कल्पना नै थिएन ।

पर्यटकले खाने र बस्ने ठाउँ खोज्दै हिँडेको देखेपछि उहाँले आफ्नै घरमा लैजान थाल्नुभयो । "घरमा जे पाक्छ उनीहरू त्यही खान्थेँ, सामान्य कोठामा सुत्थे", शिक्षक गुरुङले विगत कोट्याउनुभयो, "गाउँका अरुले राख्न मानेनन्, मैले राखेँ, अङ्ग्रेजी भाषाको अलिअलि ज्ञान भएकाले पनि मलाई सजिलो भयो ।"

व्यापार गर्ने नभई घरमा आएका पाहुनालाई सेवा-सत्कार गर्ने संस्कार गुरुङहरूमा थियो । शिक्षक गुरुङले पनि सुरुसुरुमा त्यसै गर्नुभयो । "विदेशीलाई राखेर यतिउती पैसा लिनुपर्छ भन्ने हामीलाई थाहा नै थिएन, न हाम्रो संस्कारमा पर्थ्यो", उहाँले भन्नुभयो, "हाम्रो आतिथ्यताबाट खुसी भएर उनीहरू आफैँले केही पैसा छाडेर जान्थे ।" विस्तारै शिक्षक गुरुङको घरमा बास बस्न आउने पर्यटकको सङ्ख्या बढ्दै गयो ।

अरु गाउँलेले पनि पर्यटक भेटेपछि शिक्षककै घरमा पठाउन थाले । "घान्द्रुक आएका पर्यटकलाई पहिलोपटक घरमै राखेर सेवा दिएको हामीले नै हो", उहाँले सुनाउनुभयो, "पछि मैरे नाता पर्ने कुलबहादुर गुरुङले घान्द्रुकमा पहिलो होटल खोल्नुभयो ।" पर्यटकलाई लक्ष्य गरी खोलिएको उक्त होटलको नाम फिस्टेल थियो । जुन अहिले बन्द छ । विसं २०२७ तीर फिस्टेल होटल खुलेपछि अर्को वर्ष शिक्षक गुरुङले कोटगाउँमा होटल अन्नपूर्ण खोल्नुभयो । उहाँले कान्छोबुबाको घरमा होटल चलाउनुभएको थियो । पछि त्यही घर किनेर विसं २०५० सम्म अन्नपूर्ण कै नाममा होटललाई निरन्तरता दिनुभयो ।

अठहत्तर वर्षीय शिक्षक गुरुङ अहिले पनि होटल व्यवसायमा हुनुहुन्छ । चौहत्तर वर्षीया श्रीमती बेलकुमारीको दरिलो साथ पनि रहँदै आएको छ । गुरुङका छोरा मिलन भने सपरिवार बेलायत बस्छन् । विसं २०५० पछि छोराको नाममा मिलन होटल चलाउँदै आउनुभएको छ, गुरुङ दम्पत्तीले । "पहिलेको भन्दा अझ राम्रो भ्यू प्वाइन्ट भेटाएपछि होटल त्यहीँ बनायौँ, नाम पनि नयाँ राख्यौँ", उहाँले भन्नुभयो । विसं २०५० मै शिक्षण पेसाबाट सेवानिवृत्त भएपछि गुरुङले पुरै समय होटललाई दिन थाल्नुभयो । झण्डै ५४ वर्षदेखि आतिथ्य सेवामा सक्रिय उहाँलाई घान्द्रुक कै पहिलो पर्यटन व्यवसायीका रूपमा चिनिन्छ । घान्द्रुकको पर्यटनको कुरा गर्दा शिक्षक गुरुङको नाम जहिल्यै पनि अघि आउँछ ।

"मैले होटल सुरु गर्दा बाटोको छेउमा बसेर के गरेको होला भनेर मान्छेले भन्थे", उहाँले भन्नुभयो, "कमाइ हुन्छ भन्ने थाहा पाएपछि पछि गाउँका अरु पनि होटल व्यवसायमा लागे ।" विसं ०४०/०४२ देखि घान्द्रुकमा होटल थपिँदै जान थाले । पर्यटकको आउजाउ पनि बाक्लिन थाल्यो ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-१० र ११ स्थित घान्द्रुक गाउँ चल्तीको गन्तव्यकारूपमा देशीविदेशी माझ परिचित छ । बर्सेनि हजारौँ पर्यटकले त्यहाँ पाइला टेक्छन् । प्रकृति र संस्कृतिमा रमाउँछन् । पर्यटकीय चहलपहल बढेपनि घान्द्रुकको असली पहिचान गुम्ने हो की ! भन्ने पिरलो गुरुङलगायत गाउँका अगुवालाई छ । घान्द्रुक उहिलेको जस्तो छैन । जीवनशैली, रहनसहन फेरिँदो छ । नयाँ बनिरहेका संरचनाले गाउँको मौलिक स्वरुप खल्बलिएको छ । "विदेशीले यहाँ सडक नल्याउनू, ठूला सुविधासम्पन्न होटल पनि नखोल्नु भन्थेँ", शिक्षक गुरुङले सुनाउनुभयो, "तर जमानाअनुसार चल्नुपर्ने व्यवसायीलाई पनि बाध्यता छ, अहिले ठूल्ठूला भवन बने, गाउँमा मोटरबाटो पनि आयो ।" सडकले पदमार्ग भत्केका छन् । पर्यटक धूलो-हिलो सहँदै सडकबाटै पर्यटक हिँडेका भेटिन्छन् । हिमालको काखमा पहाडे शैलीका लहरै घर । ग्रामिण परिवेश र हावापानी । गुरुङ समुदायको कला, संस्कृति र रहनसहन । पाहुनाको सत्कारका लागि खुलेका घरबास । गाउँकै उब्जनीबाट बनेका परिकार । पहिलेपहिले घान्द्रकुमा पर्यटक लोभ्याउने चीज यिनै थिए । अहिले घान्द्रुक विस्तारै कङ्क्रिटले ढाकिँदैछ ।

पर्यटकको आउजाउ बढेसँगै करोडौँ लगानीमा होटलदेखि रिसोर्टसम्म खुलेका छन् । आधुनिकताले गाउँको पुरानो चिनारीलाई विस्थापित गर्दैछ । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बढ्दो व्यवसायीकरणले घान्द्रुकको मौलिकपन गुम्दै गएको धारणा व्यक्त गर्नुभयो । "यो विषय हामी सबैलाई महशुस भएको छ, नयाँ संरचना बनाउँदा मौलिकता झल्कने गरी बनाउनेतिर जोड दिएका छौँ", उहाँले भन्नुभयो, "कतिपय व्यक्तिले पुराना र जीर्ण घरलाई पनि संरक्षण गर्न थालेका छन् ।" मौलिकता जोगाउन नसके घान्द्रुकको पर्यटनको भविष्य पनि सङ्कटमा पर्ने स्थिति देखिएको स्वयं पर्यटन व्यवसायीले बताए ।

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले घान्द्रुकमा बनिरहेका ठूल्ठूला संरचनाबारे पर्यटकबाटै गुनासो आइरहेको बताउनुभयो । "हुन त व्यवसायीको पनि बाध्यता होला, जग्गा अभाव भएका कारण धेरै तला थपेको हुनसक्छ", उहाँले भन्नुभयो, "पक्कै हो घान्द्रुक पहिले जस्तो छैन, परम्परागत घर धेरै हटिसके ।" स्थानीय पहिचान दिन सकिएन भने हिमाल हेर्न मात्रै पर्यटक नआउन पनि सक्ने उहाँको भनाइ थियो । घान्द्रुकबाट नजिकै देखिने अन्नपूर्ण र माछापूछ्रे हिमशृङ्खलाको दृश्यले जोकोहीलाई पनि लोभ्याउँछ । देशविदेशसम्म चिनिएको गन्तव्य भएकाले घान्द्रुकको एकीकृत र पर्यटनमैत्री हिसाबले पूर्वाधार विकास गर्नुपर्नेमा अध्यक्ष गुरुङको जोड थियो ।

घान्द्रुकको पर्यटन प्रवर्द्धनका लागि समितिले बर्सेनि अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सव गर्दै आएको छ । स्थानीयवासी धनसुबा गुरुङले ढुङ्गामाटाले बनेका पुराना घर भत्काउँदै नयाँ बनाउने क्रम बढेको बताउनुभयो । "काठ किराले खायो भन्छन्, सिमेन्टका अग्लाअग्ला घर बनिरहेका छन्, यस्तै छ खै कस्लाई के भन्ने", उहाँले भन्नुभयो, "गाउँमा खेतीपाती गर्ने पनि छैनन्, सबै बजारको ल्याएर खानुपर्छ ।" डाँडागाउँका केही घरलाई भने अझै पनि जोगाएर राखिएको छ । केही व्यवसायीले पुरानै घरलाई सिँगारेर होटलका रूपमा चलाएका छन् । गाउँमा आउने पर्यटकलाई देखाउने गुरुङ संस्कृतिका गीतनाच पनि लोपन्मुख अवस्थामा पुगेका छन् । पर्यटक लोभ्याउने घरबास विस्तारै खस्किँदै जान थालेका छन् । कतिपयले घरबासलाई होटलमा परिणत गरिसकेका छन् । स्थानीय उत्पादन नभएपछि घरबासमा पनि बजारकै परिकार पाक्छन् । केही दिनअघि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डले घान्द्रुकमा आयोजित पर्यटन महोत्सवमा पहिचान नमेटिने गरी भौतिक पूर्वाधारको विकास गर्नुपर्ने बताउनुभएको थियो । उहाँले घान्द्रुकको मौलिकता विस्तारै ह्रास हुँदै गएकामा चिन्तासमेत व्यक्त गर्नुभयो । "पर्यटक घान्द्रुकको गाउँले परिवेश र संस्कृति हेर्न आउँछन्, यसलाई जोगाइएन भने भोलि यहाँको पर्यटन खस्किन सक्छ", मुख्यमन्त्री पाण्डेको भनाइ थियो । पर्यटन व्यवस्थापन समितिका अनुसार घान्द्रुकमा रिसोर्टसहित ५४ वटा होटल छन् । अठार वटा घरबास छन् । पर्यटकस्तरीयदेखि सामान्यसम्म गरी होटलमा आठ सय कोठा छन् । पर्यटन व्यवसायमा अर्बौंको लगानी छ । सयौँले रोजगारी पाएका छन् । पर्यटकीय याममा एकैदिनमा दुई/तीनहजारसम्म पर्यटक त्यहाँ पुग्छन् ।

स्वदेशीपछि सबैभन्दा बढी चिनियाँ पर्यटकले घान्द्रुकलाई गन्तव्य बनाउँछन् । भारतीयदेखि युरोप, अमेरिकासम्मका पर्यटक त्यहाँ पुग्ने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्रको अन्नपूर्ण आधार शिविर, म्याग्दीको पुनहिल-घोरेपानीलगायत जोड्ने पदमार्गमा पर्ने घान्द्रुक पर्यटकको विश्रामस्थलका रूपमासमेत लिइन्छ । पोखरा-बागलुङ राजमार्गको नयाँपुलदेखि बिरेठाँटी, स्याउलीबजार, किञ्चे हुँदै पाँच/छ घण्टाको पदयात्रामा घान्द्रुक पुग्न सकिन्छ । मोटरमा जाँदा एक/डेढ घण्टामै पुग्न सकिन्छ ।

# बोकोर्लोक ताल र बसपार्क निर्माण गर्न स्थानीयवासी सहमत

**पोखरापत्र संवाददाता**
गोरखा, ३१ जेठ

गोरखा नगरपालिका-९ ठिगुरेस्वाँरामा बोकोर्लोक ताल र बसपार्क निर्माणका लागि जग्गा उपलब्ध गराउन स्थानीयवासी सहमत भएका छन् । ताल र बासपार्क निर्माणका लागि गठित स्थानीय समितिको पहलमा त्यस क्षेत्रका स्थानीयवासीले जग्गा उपलब्ध गराउन सहमत भएको स्थानीय समितिका संयोजक होमसिंह बस्न्यातले जानकारी दिनुभयो ।


गोरखाको गौरवका योजनाका रूपमा बोकोर्लोक ताल निर्माणका लागि स्थानीयवासी तयार भएको उहाँले बताउनुभयो । ताल निर्माणका लागि प्रस्ताव गरिएको स्थानमा करिब दुई सय जनाभन्दा बढी घरपरिवारको जग्गा पर्ने भए पनि उनीहरू जग्गा दिन तयार रहेको संयोजक बस्न्यातले जानकारी दिनुभयो ।

"बोकोर्लोक ताल निर्माणका लागि पञ्चायतकालमा नै एकपटक डिपिआर भएको थियो तर त्यो त्यत्तिकै हरायो", उहाँले भन्नुभयो, "निर्वाचनका बेला ताल निर्माणका लागि सबै उम्मेदवारले पहल गर्ने प्रतिबद्धता जनाउने गरे पनि जितेर गएपछि त्यसलाई भुल्ने गरेका छन् ।" संयोजक बस्न्यातले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई समेत ताल निर्माणका लागि पहल गरिदिन आफूहरूले माग गरेको बताउनुभयो । "प्रधानमन्त्री र गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई समेत बोकोर्लोक ताल निर्माणका लागि ज्ञापनपत्र बुझाइएको छ", उहाँले भन्नुभयो, "उहाँहरूले यस विषयमा सकारात्मक धारणा व्यक्त गर्नुभएको छ ।" संयोजक बस्न्यातले गोरखा नगरपालिकाले बोकोर्लोक काललाई गौरवको योजनाका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । उहाँले नगरप्रमुख कृष्णबहादुर रानामगर र उपप्रमुख मसलीमाया थोकरले ताल र बसपार्क निर्माण गर्न पहल गरिएको क्षेत्रको स्थलगत अवलोकन गरी निर्माणका लागि प्रक्रिया सुरु गर्न नगरपालिका तयार रहेको बताउनुभएको जानकारी दिनुभयो । बोकोर्लोक ताल निर्माण गर्न सके पर्यटन विकासमार्फत सिङ्गो गोरखा जिल्लाले आर्थिक, सामाजिकरूपमा फाइदा लिनसक्ने उल्लेख गर्नुभयो । त्यस्तै ताल निर्माणका हुँदा स्थानीयस्तरमा समेत पर्याप्त रोजगारीको सम्भावनासमेत बढ्ने स्थानीयवासीको भनाइ छ । त्यस्तै प्रस्तावित ताल निर्माणस्थलसँगै करिब दुई सय रोपनी क्षेत्रफल जमिनमा गोरखा बसपार्क निर्माण गर्नसमेत स्थानीयवासीले प्रस्ताव गरेका छन् । "बसपार्कका लागि करिब ७० घरपरिवारको जग्गा पर्ने अनुमान गरिएको छ", उहाँले भन्नुभयो, "धेरैजसोको लालपुर्जासमेतसङ्कलनगरीजग्गा उपलब्ध गराउन सहमतिपत्रमा हस्ताक्षरसमेत गराइसकिएको छ ।" गोरखा नगरपालिकाका सबै वडाको मध्यभागमा पर्ने तथा गोरखा आबुँखैरेनी सडकखण्डसँग जोडिएको क्षेत्र भएकाले उक्त क्षेत्र बसपार्कका लागि उपयुक्त हुने संयोजक बस्न्यातको भनाइ छ । बसपार्क निर्माणका लागि करिब दुई सय रोपनी जग्गा आवश्यक पर्ने अनुमान गरिएको भन्दै उहाँले त्यसमा चार सयवटा सवारीसाधन आउजाउ र पार्किङका लागि उपयुक्त हुने उहाँको भनाइ छ ।

सम्म धरातल भएका र सदरमुकामबाट जिल्लाका अन्य क्षेत्रमा सवारी छुट्नका लागि अहिले बसपार्क निर्माण गर्न प्रस्ताव गरिएको क्षेत्र उपयुक्त हुने स्थानीयवासीको भनाइ छ । "बजार नजिक प्रशस्त जग्गा अन्य ठाउँमा नरहेको र सम्म धरातल भएकाले निर्माणका कम खर्च हुने हाम्रो अनुमान छ", संयोजक बस्न्यातले भन्नुभयो, "यो ठाउँ बसपार्क निर्माणका लागि सबैभन्दा उपयुक्त ठाउँ भएको हाम्रो ठम्याइ छ ।"

बसपार्क निर्माणका लागि जिल्ला समन्वय समिति र नगरपालिकासँग डिपिआरका लागि आफूहरूले छलफल गरिरहेको उहाँले बताउनुभयो । बसपार्क निर्माणका लागि स्थानीय समितिले गएको वैशाख ९ गते र बोकोर्लोक ताल निर्माणका लागि जेठ ६ गते जग्गाका मोहीहरूसँग छलफल गरेको थियो ।


## एउटै व्यक्ति भएको सूचना



धर्म कुमारी गुरुङ

लमजुङ जिल्ला साविक हिलेटक्सार गा.वि.स वडा नं. ३ हाल दोर्दी गा.पा. ९ निवासी भारतीय भू.पू.सै.नं. ५४३४४६२ जमान सिंह गुरुङको श्रीमती **धर्म कुमारी गुरुङको** नेपाली नागरिकता प्रमाण पत्रमा नामथर धर्म कुमारी गुरुङ भएको र श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर धरम कुमारी (DHARAM KUMARI) भई फरक परेता पनि व्यक्ति एउटै भएको दोर्दी गा.पा. ९ वडा कार्यालयको च.नं ५५२ मिति २०८०/०२/०३ को सिफारिस अनुसार उल्लेखित दुई नामथर गरेको व्यक्ति फरक-फरक नभई एउटै व्यक्ति भएको व्यहोरा जिल्ला प्रशासन कार्यालय लमजुङको मिति २०८०/०२/०५ को च.नं.०५०३ पत्र अनुसार सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ शिवमार्ग क मा समाजघर निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: शिवमार्ग क समाजघर
**उपभोक्ता समितिको नाम**: शिवमार्ग क समाजघर निर्माण उपभोक्ता समिति, पोखरा-१४
**योजना सम्झौता मिति** : २०८०/०१/०४
**योजना सुरु मिति** : २०८०/०१/०४
**योजना सम्पन्न हुने मिति** : २०८०/०३/१०
**योजना सम्पन्न भएको मिति** : २०८०/०२/३१
**महानगरपालिका बाट प्राप्त** : १०,००,०००/-
**उपभोक्ताबाट** : १,७७,४७९/६०
**कुल लागत** : ११,७७,४७९/६०

**उपभोक्ता समिति**

**अध्यक्ष** : बल बहादुर मगर
**उपाध्यक्ष** : कृष्ण बहादुर विश्वकर्मा
**सचिव** : सुकमाया गुरुङ
**कोषाध्यक्ष** : हेमचन्द्र मुडभरी
**सदस्यहरु**: रामबहादुर रानाभाट, इश्वरी रानाभाट, अन्जु गुरुङ, सृजना श्रेष्ठ र किसन कुमार खनाल

**अनुगमन समिति**

तनुजा थापा सिके (वडा सदस्य वडा नं. १४), खगेन्द्र ध्वज कुँवर, श्रीधर रानाभाट, बोधराज वराल, वेलबहादुर रानाभाट र वेदप्रसाद पौडेल



**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/३१

यस कार्यालयबाट मिति २०७५/०७/१५ मा कास्की जिल्ला पोखरा ०३ मा संचालन गर्ने गरि तिलोत्तमा ०४ रुपन्देही निवासी सुमिता बस्नेतको नाममा दर्ता भएको उद्योग दर्ता नं. १४६३०/०७५/०७६ (११८८) को संजिवनी च्याउ फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०२/३१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**